मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

**ग्राहक महानुभावमा अनुरोध**
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्न परेमा
- विज्ञापन दिनु परेमा

**मेचीकाली सन्देश राष्ट्रिय दैनिक**
बुटवल-९, मिलनचोक, रुपन्देही
फोन: ०७१-५३६००५

राष्ट्रिय दैनिक
# मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

❖ अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं
❖ अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं
❖ सुरक्षित रुपमा वित्तीय कारोबार गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२४ | अंक-३२३ | २०८१ कार्तिक ३० गते शुक्रबार | 15 Nov.- 2024 Friday | पृष्ठ ४ | मूल्य रु. ६।-

### बुटवल-नारायणगढ सडक

# ठेक्का तोडेर विकल्प खोज्न प्रधानमन्त्री ओलीको निर्देशन

*मेचीकाली संवाददाता*

बुटवल, कार्तिक २९ । प्रधानमन्त्री केपी शर्मा ओलीले बुटवल-नारायणगढ सडकको ठेक्का तोडेर विकल्प खोज्न निर्देशन दिएका छन् । बुटवल-नारायणगढ सडक खण्डको निर्माण कार्यमा भइरहेको चरम ढिलासुस्ती र त्यसबाट उत्पन्न भएको समस्याबारे गम्भीर चासो व्यक्त गर्दै प्रधानमन्त्री ओलीले तत्काल विकल्प खोज्न विभागीय मन्त्रीलाई निर्देशन दिएका हुन् ।





चाइना स्टेट कम्पनीसँग उक्त सडक खण्ड २०७९ साउन २२ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७५ चैत ८ गते ठेक्का सम्झौता भएको थियो । तर, हालसम्म निर्माणको प्रगति एकदमै सुस्त छ र केही महिनादेखि त यहाँ निर्माणकार्य ठप्पजस्तै छ । तर, ठेकेदार कम्पनीले मोबिलाइजेशन रकमसहित हालसम्म ४४ प्रतिशत जति रकम निकाशा लगिसकेको छ ।

यो सडकखण्डले जोड्ने यसक्षेत्रका जनप्रतिनिधिहरूले बिहीबार प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउन गएका थिए । सोही ध्यानाकर्षण पत्र बुझ्दै प्रधानमन्त्री ओलीले निर्माणमा भइरहेको ढिलाइले उत्पन्न भएको सास्तीका बारेमा आफू जानकार रहेको उल्लेख गर्दै अब विकल्प खोजेरै भएपछि छिटो निर्माण सक्न निर्देशन दिए । विश्वसनीय निर्माणको काम नगर्ने निर्माण कम्पनीसँगको ठेक्का तोडेर विकल्प खोज्न भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहाललाई प्रधामन्त्री ओली सोही समारोहमै निर्देशन दिए ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा रुपन्देही क्षेत्र नं. २ का सांसद विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, भूमी व्यवस्था तथा सहकारीमन्त्री तथा कपिलवस्तुका सांसद बलराम अधिकारी, भौतिक मन्त्रालयका सचिव केशव शर्मालगायत सहभागी थिए । भौतिक मन्त्री दाहालले निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दा पनि काम सुरु हुन नसकेको र आउँदो डिसेम्बर अन्त्यसम्ममा काम सुरु गर्ने आश्वासन प्राप्त भएको जानकारी गराए ।

'प्रधानमन्त्री ओली आफैँले शिलान्यास गरेको सडक तोकिएको समयमा सम्पन्न नहुँदा पहिलेदेखि नै खिन्न हुनुहुन्थ्यो, उहाँको ध्यानाकर्षण भएको थियो, आज संयोगबस सबैजना एकै ठाउँमा जुट्न पायौं र यस्तो निर्देशन पनि आयो,' बुटवल उपमहानगरपालिका उपप्रमुख सावित्रा अर्यालको भनाइ छ ।

प्रधानमन्त्री ओलीले आफूहरूले सोचेजस्तो विकासका काम अगाडि बढ्न नसकेको र अगाडि बढेका कतिपय कामहरू पनि सन्तोषजनक नभएको बताए । प्रधानमन्त्री ओलीले चार वर्षमा सम्पन्न गर्ने गरी सम्झौता गरिएको सडक साढे ६ वर्ष पूरा हुँदा पनि ५३ प्रतिशत मात्र काम हुनु भनेको काम नगरे बराबर रहेको भन्दै विकल्प खोज्न निर्देशन दिएका हुन् । बुटवल-नारायणगढ सडकखण्डसँग जोडिएका पूर्वी नवलपरासी, पश्चिम नवलपरासी र रूपन्देहीका सबै जिल्ला समन्वय समिति र स्थानीय तहका जनप्रतिनिधिहरूले बिहीबार प्रधानमन्त्रीलाई भेटेर उक्त ध्यानाकर्षण पत्र बुझाएका थिए । ती सबै जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख तथा स्थानीय तहका पनि प्रमुख र उपप्रमुखहरूको टोली सहभागी थियो ।

पूर्वी नवलपरासीका जिल्ला समन्वय समितिका प्रमुख भगौती यादवले प्रधानमन्त्री ओलीलाई उक्त ध्यानाकर्षण पत्र बुझाउँदै वर्षौंसम्म सडक अलपत्र पर्दा सो क्षेत्रका बासिन्दा मात्र नभई सो सडकखण्ड भएर यात्रा गर्ने यात्रुहरूले समेत जोखिम मोलिरहेको गुनासो गरे । बुटवल-नारायणगढ सडकखण्डअन्तर्गत रूपन्देही, नवलपरासी पूर्व र पश्चिमका तीन वटा जिल्ला र बुटवल उपमहानगरपालिकासहित ११ वटा स्थानीय तहका प्रमुख र उपप्रमुखसहित गएको उक्त रहेका छन् । उक्त ध्यानाकर्षण पत्रमा विगत सात वर्षदेखि ठेक्का सम्झौता भई निर्माण कार्य सुरू भएको सडक निर्माण कम्पनीले विभिन्न बहाना बनाई निर्माणमा ढिलाई भइरहँदा स्थानीयवासी र यात्रुहरूले समेत सास्ती भोग्नुपरेको उल्लेख छ । सडक निर्माणमा ढिलासुस्ती हुँदा जनस्वास्थ्यमा प्रभाव पारेको र सो क्षेत्रको व्यापार व्यवसायसमेत ठप्प बनेको उनीहरूको गुनासो छ ।

पुरानो सडकको संरचना भत्काएर निर्माण कार्य थालनी गरेको कम्पनीले निर्माण कार्य सम्पन्न गर्ने पटकपटक थप गरिएको म्यादसमेत गुजारेर जनतालाई सास्ती दिइरहेको जनप्रतिनिधिहरूले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

बुटवल-नारायणगढ सडकसँग जोडिएका जिल्ला र स्थानीय तहहरूबाट काममा तीव्रता ल्याउन विभिन्न समयमा ताकेता गर्ने, ज्ञापनपत्र दिने सम्बन्धित कम्पनीलाई काम अगाडि बढाउन दबाब दिने जस्ता अनेक क्रियाकलाप गर्दा पनि कहीँकतैबाट कामको प्रगतिमा तीव्रता ल्याउने किसिमको स्थिति सिर्जना हुन नसकेको उनीहरूको गुनासो छ ।

पटक/पटक म्याद थप गर्दा पनि सडक निर्माणको काम अगाडि बढ्नुको सट्टा निर्माण कार्य नै ठप्प पार्ने काम भइरहेकोले जनतामा आक्रोश बढेको भन्दै निर्माण कार्य छिटोभन्दा छिटो सम्पन्न गर्न निर्देशनका लागि प्रधानमन्त्री ओलीसमक्ष ध्यानाकर्षण पत्र बुझाइएको उनीहरूले बताए ।

**तीनपटक म्याद थप, सात वर्षमा ५३ प्रतिशत मात्रै काम**

ठेक्का सम्झौता अवधि सकिएको झण्डै साढे दुई वर्ष ब(ढी समय भइसक्दा तीन पटक म्याद थप भइसकेको छ । तर अहिलेसम्म जम्मा ५३ प्रतिशत मात्र सडक निर्माणको काम सम्पन्न भएको छ । अन्तिमपटक गत असारमा सरकारले म्याद थप गरिदिएपछि निर्माण कम्पनीले वर्षा, चाडपर्वलगायतका विभिन्न बहाना देखाएर काम ठप्प गरेको छ ।

वर्षापछि बन्द गरिएको निर्माणको काम कात्तिक लागेपछि सञ्चालन गर्ने भनिए पनि कात्तिक सकिँदासम्म पनि सुरू हुन सकेको छैन । देवेन्द्र दाहाल मन्त्री बनेपछि मन्त्रालयबाट एउटा टोली ठेकेदारको मुख्य मान्छे खोज्दै चाइनासम्मै पुगेको थियो ।

त्यसबेला फेला पारेर काम गर्ने प्रतिबद्धता पनि जनाएको थियो । तर, काम भने सुरु भएको छैन । निर्माण कम्पनीले विभिन्न बहाना देखाएर सडक निर्माणमा ढिलाइ गरेपछि सरकारले ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

ठेक्का सम्झौता अवधि पूरा हुँदा २०७९ साउनसम्म जम्मा १८ प्रतिशत निर्माणको काम गरेको कम्पनीले दोस्रो पटक म्याद थप गरिएको अवधिमा ५२ प्रतिशत काम गरे पनि तेस्रोपटक म्याद थप गरिएको चार महिनाको अवधिमा जम्मा १ प्रतिशत मात्र काम थप गरी कुल भौतिक प्रगति ५३ प्रतिशत मात्र पुऱ्याएको छ । सात वर्ष पहिले लागत अनुमानको २४ प्रतिशत कम रकममा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले अहिले आफूलाई ७ अर्बभन्दा बढी घाटा भएकोले त्यसको पूर्ति गर्नुपर्ने माग गर्दै आएको छ ।

बुटवलदेखि नारायणगढसम्मको १ सय १५ किलोमिटर सडक निर्माणका लागि कुल १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । अहिले सम्झौताविपरीत तत्काल २ अर्ब रुपैयाँ माग गर्दै पछिल्लो चार महिनायता काम नै ठप्प बनाएको छ । निर्माण कम्पनीले कोभिड र रूख काट्न अनुमति दिँदा लामो समय ढिलाई भएर लागत बढेको भन्दै त्यसको क्षतिपूर्ति माग गर्दै आएको छ । आयोजनाका अनुसार निर्माण पहिले नै १० प्रतिशत मोबिलाइजेसन रकम लगेको कम्पनीले हालसम्म त्यसबाहेक ४४ प्रतिशत भुक्तानी लगिसकेको छ ।

यसैबिच जनप्रतिनिधिहरूले वर्षौंदेखि बसोबास गरी आफ्नो जीवन व्यतीत गरी आएको जग्गाको जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन पनि प्रधानमन्त्री ओलीसमक्ष आग्रह गरेका छन् । सो अवसरमा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले सुकुम्बासी समस्या समाधान गर्न प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराएका थिए ।

पाण्डेलगायतका जनप्रतिनिधिहरुले आफ्नो नाममा जग्गाधनी प्रमाण पूर्जा नपाई भूमिविहीन अव्यवस्थित नागरिकलाई नेपाल सरकारले भूमि आयोगमार्फत जग्गा उपलब्ध गराउने निर्णय बमोजिम मालपोत कार्यालयले तोकेको नम्बरी जग्गाको मूल्य अत्यधिक धेरै भएकोले सो मूल्य ५० घटाउन प्रधानमन्त्रीलाई आग्रह गरेका हुन् । प्रधानमन्त्री ओलीले पनि भएको सम्पत्ति बेचेर लालपुर्जा लिनुपर्ने अवस्था अन्त्य गर्नुपर्ने बताए ।

# रूपन्देहीमा सकियो रविको बयान, ७४ प्रश्नमा सवालजवाफ

बुटवल, कार्तिक २९ (मेसस) । बुटवलको सुप्रिम सहकारीको निक्षेप अपचलनमा अनुसन्धानमा रवि लामिछानेको रूपन्देहीमा बयान सकिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वगृहमन्त्री लामिछानेसँग तीन दिनसम्म ७४ प्रश्नमा सवालजवाफ गरी बयान सकिएको हो । गोर्खा मिडिया नेटवर्कका पूर्व प्रबन्ध निर्देशक लामिछानेलाई पोखराबाट मंगलबार भैरहवा ल्याइएको थियो ।



उनीसँग जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीमा मंगलबारदेखि बिहीबारसम्म लगातार तीन दिन बयान चलेको थियो । तीन दिनमा ७४ बढी लिखित प्रश्न सोधेको र लामिछानेले सहजरुपमा आत्मविश्वासका साथ इन्कारी बयान दिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एक अधिकृतले जानकारी दिए ।

बयानमा सरकारी न्यायाधीवक्ता प्रेमराज पौडेलसँगै इलाका प्रहरी कार्यालय बुटवलका डिएसपी विजयराज पण्डित, प्रहरी अनुसन्धान अधिकृतलगायतको सहभागिता रहेको थियो ।

अब लिखित बयानका आधारमा पुरक प्रतिवेदन बनाउने तयारी छ । रविलाई शुक्रबार पोखरा पठाउने तयारी गरीएको रुपन्देही प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी खनालले जानकारी दिइन् ।

जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा राखिएका लामिछानेलाई प्रहरीको घेराबाट सरकारी वकिल कार्यालयमा प्रवेश गराउने र प्रहरी कार्यालयमा ल्याउने गरिएको थियो । लामिछानेको पक्षमा रास्वपाका कार्यकताले बिहीबार बुटवलदेखि भैरहवासम्म मोटरसाइकल ऱ्यालीसमेत गरेका छन् ।

गोर्खा मिडिया नेटवर्कमा रविको १५ प्रतिशत सेयर रहेको अनुसन्धानबाट खुलेको छ । रवि राजनीतिमा आउनुअघि गोर्खा मिडिया नेटवर्कले सञ्चालन गरेको ग्यालेक्सी टेलिभिजनका प्रबन्ध निर्देशक एवं सञ्चालक थिए । सोही बेला देशका विभिन्न सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा गैरकानूनी रूपमा रकम गएको संसदीय छानबिन समितिले निष्कर्ष निकालेको थियो । सोही आधारमा रवि लगायत यसमा संलग्न विभिन्न व्यक्तिमाथि अनुसन्धान जारी छ । तर, रविले टेलिभिजन छोडेका बेला नै आफूले सेयर बिक्री गरिसकेको र आफ्नो कुनै दायित्व नहुने बयान दिइरहेका छन् ।

बुटवलको सुप्रिम सहकारी र पोखराको सूर्यदर्शन सहकारीको बचत अपचलन गरेको आरोपमा लामिछानेसँगै गोर्खा मिडिया नेटर्वकका तत्कालीन सञ्चालक तथा पूर्व डीआईजी छविलाल जोशीलाई पनि यसअघि पोखराबाट रूपन्देही झिकाएर सरकारी वकिलको कार्यालयमा बयान लिइएको थियो । अहिले कास्की प्रहरी हिरासतमै रहेका जोशीलाई कात्तिक ६ गते सात घण्टामा ५७ वटा प्रश्न सोधिएको थियो । पोखराको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिमसहित अन्य सहकारीको रकम अपचलनमा समेत लामिछाने मुछिएका छन् । सांसद सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले रविसहितका व्यक्तिलाई सहकारी ठगी प्रकरणमा कारबाही गर्न सिफारिस गरेको थियो । उनीहरूमाथि सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा ल्याएर हिनामिना गरेको आरोप छ । बुटवलको सुप्रिम सहकारीबाट लामिछानेको नाममा एक करोड ९६ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा गएको संसदीय विशेष छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । सुप्रिमबाट २०७७ चैत १८ मा रविका नाममा मात्रै दुई करोड रूपैयाँ गएको देखिन्छ । तर,रविले आफ्नो नाममा त्यसरी रकम आएको कुरालाई इन्कार गर्दै आएका छन् । रवि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा कात्तिक २ गते साँझ काठमाडौंस्थित रास्वपाकै कार्यालयबाट पक्राउ परेका थिए । सोही राति पोखरा लगिएका उनी प्रहरी हिरासतमै रहेका बेला बयानका लागि भैरहवा ल्याइएको हो ।

त्यसअघि प्रहरीले सुप्रिम सहकारीको १४ करोड २९ लाख रूपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर अपचलन गरेको आरोपमा रवि, छवि र जीबी राईसहित १२ जनाविरुद्ध पक्राउ गरी अनुसन्धान गर्न जिल्ला अदालतबाट अनुमति लिएको थियो । रवि र छवि दुवैको नाममा गोर्खा मिडिया नेटवर्कको ग्लोबल आईएमई बैंकको खातामा रकम जम्मा भएको प्रहरी अनुसन्धानले देखाएको छ । (बाँकी ४ पेजमा)



# सम्पादकीय

## जुनियर महिला क्रिकेटरको सफलता

सिनियर टोलीले विश्वकपमा स्थान पक्का गर्न नसकेको अवस्थामा नेपाली महिला क्रिकेटको इतिहासमा यू-१९ टोलीले गौरवमय सफलता हासिल गरेको छ। सन् २०२५ को यू-१९ महिला विश्वकपमा छनोट भएसँगै नेपाली यू-१९ महिला टोलीले नेपालको क्रिकेट इतिहासमा ठूलो उपलब्धि हासिल गरेको हो। सिनियर टोलीका लागि पनि यो एउटा प्रेरणा र चुनौती दुवै हो। यो उपलब्धि नेपाली खेलकुदको ऐतिहासिक क्षण बनेको छ। हालै यूएईमा सम्पन्न एसिया छनोटमा नेपालले घरेलु टोली यूएईलाई पछि पार्दै उत्कृष्ट प्रदर्शन गर्दै विश्वकपमा स्थान पक्का गरेपछि यसको सर्वत्र प्रशंसा भइरहेको छ।

प्रतियोगितामा नेपाल, यूएई, कुवेत र थाइल्यान्ड गरी चार टोलीले भाग लिएका थिए। डबल राउन्ड रोबिन लिग प्रणालीमा खेलिएको छनोटमा नेपालले पाँच खेलमध्ये चारमा जित निकाल्दै रनरेटमा यूएईलाई पछाडि पारेको थियो। छनोटको निर्णायक खेलमा नेपालले यूएईविरुद्ध ८ विकेटको शानदार जित हात पारेपछि पहिलोपटक यू-१९ महिला विश्वकपमा नेपालको सहभागिता सुनिश्चित भएको हो। यसका लागि नेपाली जुनियर टोलीलाई बधाई।

कप्तान पूजा महतोको कीर्तिमानी प्रदर्शन (जसले एकै खेलमा शतक र पाँच विकेट लिइन्) तथा उत्कृष्ट नेतृत्व क्षमता र नेपाली टोलीको उच्च प्रदर्शन क्षमताका कारण नेपालले ऐतिहासिक सफलता प्राप्त गरेको छ। १९ वर्षमुनिका किशोरीहरुले अब आउने विश्वकपमा योभन्दा अझ बलियो र शानदार प्रदर्शन गर्न सकून्। यसका लागि राज्यले भरपूर साथ र सहयोग गरोस्, कुनै पनि अभाव र दबाबमा खेलाडीहरु नरहून्। महिला क्रिकेट टोलीको यो उपलब्धि ऐतिहासिक मात्र नभई प्रेरणादायी पनि छ। यसले नेपाली क्रिकेटको भविष्यलाई उज्ज्वल दिशातर्फ संकेत गरेको छ। अब विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै नेपाली यू-१९ टोलीले विश्वमा नेपालको नाम उच्च राख्न सक्ने ऐतिहासिक मौका मिलेको छ।

विश्वकपमा अब नेपाल समूह 'डी' मा अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। यो नेपाली टोलीका लागि अवसर र चुनौती दुवै हो। समूहको शीर्ष दुई टोलीले अन्तिम आठमा स्थान पाउने हुँदा, समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ। यू-१९ महिला विश्वकपको यो दोस्रो संस्करण हो, जसमा नेपाल पहिलोपटक सहभागिता जनाउँदै छ। नेपालले पहिलोपटक विश्व क्रिकेटको ग्लोबल इभेन्ट आयोजना गर्ने ऐतिहासिक अवसरसमेत प्राप्त गरेको छ। अनुभव हाँसिल गर्दै उत्कृष्ट प्रदर्शनका लागि खेलाडीमा अझ निखारिने मौका मिलोस्, उचित वातावरण पनि बनोस्।

# मेलमिलाप र सत्य निरुपणबाट द्वन्द्व व्यवस्थापन



**टेकराज पन्थी**

झगडा, मनमुटाव, मनोमालिन्य वा कुनै विषय वा प्रसङ्गमा रहने फरक मतलाई द्वन्द्व भनिन्छ। स्रोत र साधनको अपर्याप्तता कमी वा अव्यवस्थित वितरण, अधिकारको अस्पष्टता सरोकारवाला व्यक्ति वा समूहको व्यक्तिगत वा सामूहिक दवदवाको स्थितिबाट द्वन्द्व सिर्जना हुन्छन्। द्वन्द्वलाई समयमा समाधान गर्न नसकेमा विकराल रूप लिन सक्छ। समाज, संस्कृतिका बिचको विभेद, सामूहिक र व्यक्तिगत हितको परिधिमा रहेको विभेद, राजनीतिक सोचमा भिन्नता नै द्वन्द्वका तत्वहरू पर्दछन्। यसरी द्वन्द्वलाई व्यक्तिगत, सामूहिक, संगठनात्मक, आन्तरिक र बाह्य द्वन्द्वका रुपमा लिने गरिन्छ।

राणाशासनविरूद्धको आन्दोलन, निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन, बहुदल र निर्दलीय व्यवस्थाबिचको जनमत संग्रह, २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन, नेपाल कम्यनिष्ट पार्टी (माओवादी) को सशस्त्र जनयुद्ध, मधेश आन्दोलन जस्ता नेपालीले द्वन्द्वका धेरै रुपहरू भोगेका छन्। विसं.२०५२ देखि २०६३ सालसम्म नेपाल सरकार र नेकपा माओवादीबीच भएको द्वन्द्व आन्तरिक द्वन्द्वका क्रममा १३ हजार भन्दा बढी मानिसको ज्यान गयो र १ हजार तीनसय भन्दा बढी बेपत्ता भएको भनिएको छ तर सो उल्लेखित संख्याभन्दा बढी नै भएको बुझिन्छ।

दुवै पक्षबिच विसं. २०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरी युद्ध कसरी भएको थियो भन्नेबारे सत्यतथ्य स्थापना गर्ने, द्वन्द्वपीडितहरूका लागि न्याय तथा परिपूरण दुवै सुनिश्चित गर्ने प्रतिबद्धता सम्झौतामा उल्लेख गरेको थियो। त्यसका लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता परिवारको छानबिन आयोगको गठन गर्ने नेपाल सरकार र नेकपा माओवादीबिच प्रतिबद्धता भई आयोग गठन भएका थिए। तर अहिले सम्म खासै प्रतिबद्धताहरू पूरा हुन सकेका छैनन्। विभिन्न नाममा आन्दोलन, लडाईझैं झगडा भने भइरहेका छन्। द्वन्द्वको चपेटामा परेकाहरूका लागि खासै न्याय र परिपूरण प्राप्त हुन सकेको छैन।

विसं २०७१ सालमा बनेको ऐनलाई यही २०८१ साल भाद्र १३ गते तेस्रो संशोधन गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार दुईवटा आयोग गठन गर्ने कार्यको शुरूवात भएको छ। पीडितलाई न्यायका अलवा क्षतिपूर्ति र परिपूरण, पीडकलाई सजाय र निश्चित सीमाभित्र रहेर न्याय तथा मेलमिलापको सोचलाई नेपालको सन्दर्भमा अगाडि बढाउनमा शान्ति सम्झौताका माध्यमबाट सहमत भएपनि यसलाई व्यवहारमा उतार्ने कार्य सजिलो छैन। कानुनअनुसार गठन भएका यिनै दुईवटा आयोगको गठनबाट संक्रमणकालीन न्यायको उद्देश्य प्राप्तिका लागि मानव अधिकारको उल्लंघनको सत्यतथ्य छानबिन गर्ने र पीडितलाई न्यायको सुनिश्चितता गरि परिपूरणको ब्यवस्था गर्नुपर्दछ। मानव अधिकारको गम्भीर उल्लंघनको घटनामा संलग्न ब्यक्तिलाई परीक्षणका लागि सिफारिस गर्ने र भविष्यमा पुनः सोही प्रकारका घटनाहरू दोहोरिनबाट रोक लगाउन नीतिगत, कानुनी र संस्थागत सुधारका लागि सिफारिस गर्ने ब्यवस्था हुनु पर्दछ। यसरी द्वन्द्वमा भएका विषयको सत्यतथ्य छानबिन गरी पारदर्शी रूपमा यथार्थ जनसमक्ष ल्याउनका लागि आयोगको भूमिका रहनुपर्दछ।

मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवताविरूद्धको अपराध सम्बन्धी घटनामा संलग्न ज्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउनुपर्दछ। समाजमा सधैं द्वन्द्वरत मानसिकताले गर्दा विकास गतिविधि, सामन्जस्यता, सुशासन जस्ता कार्यमा अवरोध पुऱ्याएको पाइन्छ। समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना वृद्धि गर्दै दीगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्नु जरूरी छ। घटनामा पीडित ब्यक्तिलाई क्षतिपूर्ति, सुविधा र सहुलियत (परिपूरण) को ब्यवस्था गर्ने र मानव अधिकारको गम्भिर उल्लंघन गरी अपराधमा संलग्न ब्यक्तिलाई कानुनी कारबाहीको लागि सिफारिस गर्नुपर्दछ।

द्वन्द्वपीडितहरूको सरोकार तथा पीडाहरूको सम्बोधन गर्नु र मानव अधिकारको उल्लंघनमा आरोपित ब्यक्तिलाई कानुनी दायरामा ल्याउनु राज्यको दायित्व हो। दुःखदको विषय वा विडम्बना नै भन्नु पर्दछ कि नेपालमा द्वन्द्वपीडितहरूका सरोकारको अहिलेसम्म पनि सम्बोधन हुन सकेको छैन। पीडितहरू थप पीडा सहन बाध्य छन् भने पीडकहरूले उन्मुक्ति पाउँदै गएको अवस्था छ। मानव अधिकार उल्लंघनका विषयमा स्वतन्त्र र निष्पक्ष रूपमा अनुसन्धान गरी खुला तथा पारदर्शी ढंगले जनसमक्ष ल्याउनुपर्दछ। त्यस्ता कार्य गर्नलाई स्वतन्त्र र प्रतिस्पर्धि रूपमा आयोगको गठन हुनुपर्दछ। जसले उजुरीलाई तामेलीमा राख्न सक्ने, कारबाहीका लागि लेखी पठाउन सक्ने, क्षमादानका र परिपूरणका लागि सिफारिस गर्न सक्ने, मानव अधिकार उल्लंघन र मानव अधिकारको गम्भीर उल्लंघनका घटना हुन नदिने सुनिश्चितताका लागि विद्यमान कानुनको अध्ययन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका लागि सिफारिस गर्न सक्ने स्वतन्त्र रूपमा गठन भएको आयोगलई मात्र अधिकार हुने हुँदा नेपाल सरकार, सबै राजनीतिक दलहरूको ऐक्यबद्धता भएमा मात्र सत्य निरुपण तथा मेलमिलापका माध्यमबाट द्वन्द्व व्यवस्थापन हुन सक्छ।

सङ्क्रमणकालीन न्यायका लागि ऐनअनुसार स्वतन्त्र रूपमा गठन भएका आयोगहरूबाट उपयोगी हुन सक्छ। स्वतन्त्र तरिकाले गठन भएको आयोगले उपयुक्त तरिकाबाट कार्य गरेमा बेपत्ता पारिएका व्यक्तिको खोजी गर्ने, निष्पक्ष छानबिन गर्ने, सत्य अन्वेषण गरी सत्यतथ्य जनसमक्ष ल्याउने, पीडक र पीडितबिच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने, मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकका बारेमा सत्य अन्वेषण गरी त्यस्तालाई कारबाहीका लागि सिफारिस गर्ने, पिडक र पीडित यकिन गर्ने र पीडित वा निजका परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सिफारिस गर्ने कार्य समयमा हुन सकेमा सामाजिक सद्भाव र मेलमिलापको अभिवृद्धि हुने, नागरिकको आत्मसम्मानको पुनर्बहाली हुने र समाजमा दण्डहीनताको अन्त्य हुन जानेछ। यसरी मेलमिलाप र सत्य निरूपणबाट द्वन्द्व व्यवस्थापन हुनेमा विश्वास गर्न सकिन्छ।

दिनानुदिन बढ्दै गएको अराजकता, असमानता, अन्याय, अत्याचार, अस्तब्यस्त, दण्डहीनता, बेमेल, जसले जहाँ जे बोलेपनि हुने, स्तरहीन र छाडापन, मनोमालिन्य, सामाजिक सञ्जालको अत्यन्तै दुरुपयोग, अनुशासनहीन कार्य, अनियमितता र एकले अर्कालाई तुच्छ बनाउनुपर्ने जस्ता संस्कार र कार्य बढ्दै गएको सवैले महसुस गरिरहेका छन्। समयमा दण्डहीनता र अराजकतालाई कानुनी दायरामा ल्याई समाजमा आपसी सद्भाव, पीडक र पीडितबीचको मेलमिलाप, आपसी सम्बन्धको वृद्धि, आत्मसम्मान र भाइचाराको वृद्धि गर्नु अहिलेको आवश्यकता हो। यसोहुन सकेमा द्वन्द्वका घाउहरू सुक्ने, पीडितले न्याय र पीडकले सजाय पाउने, दण्डहीनता, अराजकता र अनियमितताको अन्त्य हुन गई समाजमा शान्ति, अनुशासन र अपनत्वको वृद्धि हुने एवं समृद्ध र शान्तिको देश नेपाल हुनेमा विश्वास गर्न सकिन्छ।

*द्वन्द्वपीडितहरूको सरोकार तथा पीडाहरूको सम्बोधन गर्नु र मानव अधिकारको उल्लंघनमा आरोपित ब्यक्तिलाई कानुनी दायरामा ल्याउनु राज्यको दायित्व हो। दुःखदको विषय वा विडम्बना नै भन्नु पर्दछ कि नेपालमा द्वन्द्वपीडितहरूका सरोकारको अहिलेसम्म पनि सम्बोधन हुन सकेको छैन। पीडितहरु थप पीडा सहन बाध्य छन् भने पीडकहरूले उन्मुक्ति पाउँदै गएको अवस्था छ। मानव अधिकार उल्लंघनका विषयमा स्वतन्त्र र निष्पक्ष रूपमा अनुसन्धान गरी खुला तथा पारदर्शी ढंगले जनसमक्ष ल्याउनुपर्दछ। त्यस्ता कार्य गर्नलाई स्वतन्त्र र प्रतिस्पर्धि रूपमा आयोगको गठन हुनुपर्दछ। जसले उजुरीलाई तामेलीमा राख्न सक्ने, कारबाहीका लागि लेखी पठाउन सक्ने, क्षमादानका र परिपूरणका लागि सिफारिस गर्न सक्ने, मानव अधिकार उल्लंघन र मानव अधिकारको गम्भीर उल्लंघनका घटना हुन नदिने सुनिश्चितताका लागि विद्यमान कानुनको अध्ययन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका लागि सिफारिस गर्न सक्ने स्वतन्त्र रूपमा गठन भएको आयोगलई मात्र अधिकार हुने हुँदा नेपाल सरकार, सबै राजनीतिक दलहरुको ऐक्यबद्धता भएमा मात्र सत्य निरुपण तथा मेलमिलापका माध्यमबाट द्वन्द्व व्यवस्थापन हुन सक्छ।*

# पकेट क्षेत्रकै सुन्तलामा औँसा किराको प्रकोप

पर्वत, कार्तिक २९। सुन्तला खेतीको लागि पकेट क्षेत्र मानिएका यहाँको मोदी गाउँपालिका-२ देउपुर, फलेवास नगरपालिका-१० कुर्घा,



वडा नं ११ पाङराङ र दक्षिण पर्वतको पैँयू गाउँपालिका-३ त्रिवेणीमा एक सातादेखि औँसा किराको प्रकोप फैलिएको छ।

पाक्ने बेलाको सुन्तलामा औंसा किराको प्रकोपले सुन्तला झर्ने र हाँगा सुक्न थालेपछि किसान चिन्तित बनेका छन्। देउपुरका किसान भूमिराज शर्माले असिना र खडेरीबाट जोगिएको सुन्तला बिक्री गरेर केही आम्दानी गर्ने बेलामा किराको प्रकोपले क्षति पुगेको बताए।

देउपुरमा मात्रै तीन सय बढी किसानले व्यावसायिक सुन्तला खेती गर्दै आएका छन्। यो गाउँबाट गत वर्ष रु.पाँच करोडको सुन्तला बिक्री भएको स्थानीय माछापुच्छ्रे सुन्तला उत्पादक समूहका अध्यक्ष दाताराम चापागाईंले जानकारी दिए। उनका अनुसार यसवर्ष ५० प्रतिशत बढी बोटमा प्रकोप फैलिसकेको छ।

गत वर्ष पनि यस्तै समस्या भएपछि कृषि ज्ञान केन्द्रले अभियानकै रुपमा तालिम र विषादी वितरण गरेको थियो। अर्का किसान लालु चापागाईंले किरा लागेर धमाधम सुन्तला नष्ट भएको बताए। पर्वतमा उत्पादित सुन्तला पोखरा, काठमाडौं, नारायणगढ र बुटबलसम्म बिक्रीका लागि लगिन्छ। यसवर्ष अहिलेसम्म व्यापारी आइपुगेका छैनन्। कृषि ज्ञान केन्द्रले देउपुरलगायत विभिन्न स्थानमा औँसा कीराको प्रकोप देखिएको जनाएको छ। केन्द्रका बाली संरक्षण अधिकृत शङ्कर पौडेलले सुन्तलाका पकेट क्षेत्रमा सुन्तला झर्ने र हाँगा सुक्ने समस्या देखिएको बताए।

'मुख्य गरी सुन्तला झर्ने समस्या फलमा आउने औँसा किराको कारणले हो,' उनले भने,'अघिल्लो वर्ष अभियानकै रूपमा तालिम र विषादी बाँडिएको थियो। अघिल्लो पटक बाँडिएको विषादी सही रूपमा प्रयोग नगर्ने किसानको बगैँचामा समस्या देखिएको छ। समग्रमा अघिल्लो पटक भन्दा यस वर्ष उत्पादन घटेको छ।' ग्रिनिङ रोगको समस्या, सूक्ष्म खाद्य तत्वको कमी, उपयुक्त व्यवस्थापनको कमी, अन्य रोग कीराले पनि यो समस्या आउने पौडेलले बताए।

पहिले सुन्तला उत्पादन हुने समुद्री सतहदेखि एक हजार तीन सय मिटर उचाइ भन्दा तल उत्पादन हुन छाडेको स्थानीय किसान भूमिराज शर्माले बताए। थप क्षति हुन नदिन जतिसक्दो छिटो सुन्तला टिपेर बजार पठाउन कृषि ज्ञान केन्द्रले आग्रह गरेको छ। झरेका सुन्तलालाई प्लास्टिकमा जम्मा गर्ने र नष्ट गर्ने प्रक्रियाले कीराको चक्र 'ब्रेक' गर्न सकिने भएकोले किसानलाई प्लास्टिकमा जम्मा गरेर नष्ट गर्न लगाइएको बाली संरक्षण अधिकृत पौडेलले बताए। सुन्तला पर्वतमा उत्पादन हुने मुख्य फल हो। गतवर्ष सुन्तला बिक्रीबाटरु २५ करोड जिल्लाका किसानले भित्र्याएका थिए।


## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।




मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।



## मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला रुपन्देही सिद्धार्थनगर न.पा. ९ बस्ने प्रेम बहादुर गुरुङ्गको छोरी रिता गुरुङ्गले बाबु प्रेम बहादुर गुरुङ्गको मिति २०४१/०३/०१ गते आमा दुर्गा गुरुङ्गको पनि मिति २०७१/०८/११ गते तथा दाई विनोद गुरुङ्गको मिति २०७९/०५/२४ मा आ-आफ्नै कालगतिले मृत्यु भैसकेको छ निजहरुको हकखाने हकवाला म रिता गुरुङ्, दिदी सिता गुरूङ्, दिदी गीता गुरुङ् (मृत्यु भैसकेको) र बहिनी अनिता गुरुङ् मात्र भएको, मेरो र दाजु विनोद गुरुङ्गको नाममा संयुक्त दर्ता कायम रहेको सि.न.पा. वडा नं. ९क कि.नं. २११० ज.वि. ०-०-१२ को जग्गा दिदी सीता गुरुङ्, बहिनि अनिता गुरुङ् र भेनाजु रविन्द्र कुमार थापाको मञ्जुरी सनाखत अनुसार मेरो नाममा एकलौटी नामसारी गरी पाउ भनि माग निवेदन पेश गरेको गर्नुभएकोले यो सुचना प्रकाशित गरिएको छ। माग निवेदन बमोजिम जग्गा नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम रिता गुरुङ्गको नाममा नामसारी भई जाने व्यहोरा सबैमा अनुरोध छ।



## साधारणसभा सम्बन्धी सूचना

यस श्री सुलभ बचत तथा ऋण सहकारी संस्था लि. सिद्धार्थनगर रूपन्देहीको मिती २०८१ कार्तिक ७ गते बसेको सञ्चालक समितीको बैठकको निर्णय अनुसार २५औं वार्षिक साधारणसभा मिती २०८१ साल मंसिर १५ गते शनिवारका दिन निम्न लिखित स्थान र समयमा सम्पन्न हुने भएको हुदा यस संस्थाका सम्पूर्ण सदस्यज्यूहरुलाई जानकारी गराउनुको साथै पत्राचार गरिसकिएको छ कारणवश पत्र प्राप्त नभएको खण्डमा यसै सुचनालाई आधामानि उपस्थीत भईदिनु हुन अनुरोध गर्दछौं।

**कार्यक्रम विवरण:**

❖ **समय:** बिहान ११.०० बजे।
❖ **स्थान** : होटल पौवा, सिन.न.पा.-६।

**छलफलका विषयहरू :**

१) सञ्चालक समितीको तर्फबाट अध्यक्षको प्रतिवदेन पारित सम्बन्धमा।
२) लेखा समितीको प्रतिवेदन पारित सम्बन्धमा।
३) आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन पारित सम्बन्धमा।
४) आ.व. २०८१/०८२ को वार्षिक कार्य योजना तथा बजेट पारित गर्ने सम्बन्धमा।
५) आ.व. २०८१/०८२ को लागी लेखा परिक्षक नियुक्ती र पारिश्रमीक पारित गर्ने सम्बन्धमा।
६) बोनस वितरण सम्बन्धमा।
७) निर्णय पुस्तीका हस्ताक्षर गर्ने प्रतिनिधी चयन सम्बन्धमा।
८) विविध।

भिष्म प्रसाद न्यौपाने
अध्यक्ष

**श्री सुलभ बचत तथा ऋण सहकारी संस्था लि.**
सिद्धार्थनगर, रूपन्देही, फो.नं.: ०७१-५७४१२३



## शिक्षक आवश्यकता

मिति: २०८१।७।२८ गते

गैडहवा गाउपालिका शिक्षा शाखा विष्णुपुरा रुपन्देहीको च.नं. ६७८ मिति २०८१/०७/२५ गतेको प्राप्त शिक्षक पदपुर्ति अनुमतिपत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०७/२८ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयमा संघीय अनुदान कोटा मा.वि. तृतीय अस्थायी (करार) शिक्षक र आधारभूत तह तृतीय अस्थायी (करार) शिक्षक आवश्यक भएकोले तपसिलका योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकहरुबाट सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा रीतपूर्वकको दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। रीत नपुगि र म्याद नाघि पर्न आएको आवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.:** ०१/२०८१।२०८२

- **पद संख्या:** १ (एक) • **विषय:** गणित • **पद:** शिक्षक
- **तह/किसिम:** मा.वि. (संघीय अनुदान अस्थायी करार)।

**विज्ञापन नं.:** ०२/२०८१।२०८२

- **पद संख्या:** १ (एक) • **विषय:** विज्ञान • **पद:** शिक्षक
- **तह/किसिम:** आधारभूत (संघीय अनुदान अस्थायी (करार)।

**दुवै पदका लागि:**

- **उमेर:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- **शैक्षिक योग्यता:** बि.एड. (गणित मूल बिषय) वा सो सरह उत्तीर्ण मा.वि. तर्फ र आई.एड. (बिज्ञान मूल बिषय) वा सो सरह उत्तीर्ण आधारभूत तर्फ।
- **तलव स्केल:** नेपाल सरकारको प्रचलित नियम अनुसार।
- **आवेदन दस्तुर:** मा.वि. को लागि रु. १५००/- (एक हजार पाच सय रुपैया मात्र) र आ.भू. को लागि रु. १०००/- (एक हजार रुपैया मात्र)।
- **परीक्षाको किसिम:** शिक्षा सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार लिखित र मौखिक।
- **दरखास्त दिने अन्तिम मिति** : २०८१/०८/१२ गतेसम्म (कार्यालय समयमा)।
- **सम्पर्क मिति:** २०८०/०८/१३ गते।
- **परिक्षा मिति:** सम्पर्क मितिमा तोकिनेछ।
- **आवश्यक कागजातहरू** : हस्तलिखित निवेदन १ थान, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ थान, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि २ थान, शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ थान, सम्पर्क मितिमा सक्कल कागजात पेस गर्नुपर्ने हुन्छ।

**नोट:** तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगको करार सूचीमा सुचिकृत अवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ।

सम्पर्क नम्बर: प्र.अ. : ९८१९४१४९९९/९८२०७८४०००,
वि.व्य.स. अध्यक्ष : ९८१६४२५८५८, का.स. : ९८०६९६५३८७

प्रधानाध्यापक

**श्री साँडी सर्जु पद्मादेवी माध्यमिक विद्यालय**
गैडहवा-१, सांडी, रूपन्देही

# ‘पूर्णबहादुरको सारङ्गी’ बन्यो सर्वाधिक कमाउने चलचित्र

काठमाडौँ, कार्तिक २९ । लक्ष्मीपूजालाई लक्षित गर्दै यही कार्तिक १५ गतेदेखि प्रदर्शनमा आएको चलचित्र ‘पूर्णबहादुरको सारङ्गी’ नेपालमा सर्वाधिक कमाउने चलचित्र बनेको छ । निर्माता विनोद पौडेलले चलचित्रले प्रदर्शनको १४ औँ दिनसम्म आइपुग्दा रु.२७ करोड सङ्कलन गरेको जानकारी दिए।

उनले भने,‘हाम्रो गाउँघरको मौलिक कथालाई नेपालसँगै विश्वभर दर्शकले दिनुभएको मायालाई धन्यवाद भन्ने शब्द हामीसँग छैन, यस चलचित्रमार्फत हामीले विदेशी चलचित्रसँग डराउनुपर्ने प्रवृतिलाई पनि अन्त्य गरेका छौँ, नेपाली दर्शकसम्म जानकारी पुगेमा उहाँले नेपाली चलचित्रलाई नै माया गर्नुहुन्छ भन्ने प्रमाणित भएको छ।’

उनले चलचित्रले मङ्गलबारसम्म रु.२५ करोड तीन लाख र बुधबार रु.दुई करोडको हाराहारीमा व्यापार गरेको बताए। नेपालभर चलचित्र हेर्ने दर्शकको चाप उस्तै भएपछि निर्माण समूह मोफसल भ्रमणमासमेत निस्किएको छ। निर्माता पौडेलले बिहीबारदेखि पूर्वबाट सुरु हुने भ्रमणमा मोफसलका चलचित्र भवनमा पुगेर दर्शकलाई धन्यवाद व्यक्त गर्ने जानकारी दिए।

‘हामी गाईघाटबाट भ्रमण सुरु गर्दैछौँ, ग्रामीण भेगका चलचित्र भवनमा पुगेर त्यहाँका दर्शकलाई धन्यवाद दिनेछौँ, उहाँहरुको मायाले हामी मात्र नभइ नयाँ निर्मातालाई पनि हौसला मिलेको छ,’ निर्माता पौडेलले भने।

उक्त भ्रमणमा निर्माता पौडेलसँगै अभिनेता विजय बराल, अभिनेत्री अञ्जना बराइलीलगायत छन् । यो चलचित्रले एकै दिन रु.तीन करोड ८९ लाखको व्यापार गर्दै एक दिनमा सर्वाधिक कमाउने नेपाली चलचित्र र ९८ चलचित्र भवनमा चार सय ६५ भन्दा बढी सो पाएको रेकर्डसमेत बनाएको छ । यसअगाडि चलचित्र ‘कबडी ४ः द फाइनल म्याच’ ले रु.२३ करोड ५० लाखको व्यापार गरेको बताइएको छ।

## सन्धिखर्क नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाची

## विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१।७।३० गते

